त्रिवेणी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जुगार, रोल्पा, लुम्बिनी प्रदेश

## सेवा करारमा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना !!!

प्रथम पटक प्रकाशित मिति: २०८०/११/०३

यस गाउँपालिकाको चालु आर्थिक वर्षको स्वीकृत कार्यक्रम अन्तर्गत वडा नं. २ को दहवनमा गठन गरिएको सामुदायिक स्वास्थ्य इकाई केन्द्रमा तथा वडा नं. १ स्थित करेटी स्वास्थ्य चौकीको रिक्त रहेको तपसिल अनुसारका पदमा खुला प्रतिस्पर्धाको माध्यमबाट सेवा करारमा कर्मचारी पदपूर्ति गर्नुपर्ने भएकोले तपसिलको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र माग बमोजिमको विवरण र दस्तुर बुझाएको रसिद सहित दरखास्त पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल

| क्र.सं. | विज्ञापन नं. | पद | तह | माग संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | १-२०८०/०८१ | अ.हे.व. | सहायकस्तर चौथो | १ | सामुदायिक स्वास्थ्य इकाई दहवन |
| २ | २-२०८०/०८१ | कार्यालय सहयोगी | तह विहिन | १ | करेटी स्वास्थ्य चौकी |

१. आवश्यक न्यूनतम शैक्षिक योग्यताः-

(क) अ.हे.व. को हकमाः मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा सि.एम.ए. कोर्ष उत्तीर्ण गरेको ।

(ख) कार्यालय सहयोगीको हकमाः मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा SEE वा सो सरह उत्तीर्ण गरेको ।

२. दरखास्त दिने अन्तिम मितिः- २०८०/११/१७ गते कार्यालय समयभित्र ।

३. दरखास्त दस्तुरः-

(क) अ.हे.व. को हकमाः रु. ५००/- (अक्षरेपी पाँच सय रुपैयाँ मात्र) ।

(ख) कार्यालय सहयोगीको हकमाः रु. ३००/- (अक्षरेपी तीन सय रुपैयाँ मात्र) ।

४. उम्मेदवारको उमेरको हदः- दरखास्त दिने अन्तिम मितिसम्म १८ वर्ष पूरा भै ४५ वर्ष ननाघेको ।

५. दरखास्त दिने स्थानः- गाउँ कार्यपालिकाको कार्यालय, जुगार, त्रिवेणी गाउँपालिका ।

६. आवेदनसाथ आवेदक स्वयंले प्रमाणित गरी संलग्न गर्नुपर्ने कागजातका प्रतिलिपिहरुः-

- नेपाली नागरिकताको प्रमाण-पत्र ।
- न्यूनतम/माथिल्लो शैक्षिक योग्यताको लब्धाङ्क पत्र र चारीत्रिक प्रमाण-पत्र ।
- काउन्सिल दर्ता प्रमाण-पत्र आवश्यक रहने पदमा सम्वन्धित काउन्सिलमा दर्ता भएको प्रमाण-पत्र ।
- सोही पदको कामसँग सम्बन्धित अनुभव तथा तालिम भए सोको कागजात ।
- ३ प्रति पासपोर्ट साइजको फोटो ।

७. सेवा सुविधा तथा कार्य शर्तः- त्रिवेणी गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५ तथा गाउँ कार्यपालिकाको निर्णय बमोजिम ।

८. पाठ्यक्रमः- अ.हे.व. को हकमा संघीय लोक सेवा आयोगद्वारा निर्धारण गरिए बमोजिम र कार्यालय सहयोगीको हकमा गाउँ कार्यपालिकाबाट स्वीकृत भए बमोजिम ।

९. परीक्षाको किसिमः-

(क) अ.हे.व. को हकमाः छोटोसूची, लिखित तथा अन्तरवार्ता ।

(ख) कार्यालय सहयोगीको हकमाः छोटोसूची तथा अन्तरवार्ता ।

१०. आवेदनको ढाँचा तथा अन्यः- आवेदन फाराम त्रिवेणी गाउँपालिकाको वेवसाइट www.trivenimunrolpa.gov.np को विद्युतीय सुशासन सेवा मेनुभित्र नमूना फारमहरुबाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ । कार्यालय सहयोगीको पदमा सम्बन्धित वडाको बासिन्दालाई प्राथमिकता दिइनेछ । थप जानकारीको लागि गाउँ कार्यपालिकाको कार्यालय, जुगारमा सम्पर्क राख्नुपर्नेछ ।

२०८०।११।०३

..................

(पूर्ण बहादुर बुढा)

नि. प्रमुख प्रशासकीय अधिकृत